स्थानः नगरपालिकाको सभाहंल

समयः विहान ११.०० बजे

आज मिति २०७८/०९/०८ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक नम्बरः ५६ औं (२०७८/०७९-८)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उपप्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य | श्री युवराज वज्राडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | ~~श्री कृष्ण प्रसाद श्रेष्ठ~~ डुमलाल श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य का.वा अध्यक्ष | श्री नारायण अर्याल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री नारायण अर्याल | |

Scanned with CamScanner

मिति:२०७८/९/८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

बैठकका प्रस्तावहरू

- पूर्व कार्यपालिका बैठकका निर्णयहरूको समिक्षा सम्बन्धमा ।
- समपूरक र विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा ।
- रूट इजाजत अनुमति सम्बन्धमा ।
- प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्योजन सम्बन्धमा ।
- जिल्ला समन्वय समिति लगाएत नगर कार्यालयबाट भएका अनुगमन प्रतिवेदन सम्बन्धमा ।
- सार्वजनिक सेवा प्रबाह सुदृढीकरण सम्बन्धमा।
- समपुरक आयोजनाका लागि बजेट व्यवस्था/विनियोजन सम्बन्धमा ।
- दशौं नगर सभाको मिति निर्धारण सम्बन्धमा।
- कन्टिनजेन्सी खर्च सञ्चालन सम्बन्धी कार्यविधि २०७८ र औद्योगिकग्राम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ सम्बन्धमा।
- मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति सम्बन्धमा।
- सन्धिखर्क नगरपालिकाको हाट बजार तथा पार्किङ्ग ठेक्का व्यवस्थापन सम्बन्धमा।
- नरपानी पिक्निक स्पट र पार्किङ्ग सम्बन्धमा।
- विज्ञापन कर सम्बन्धमा।
- खाँचीखोलामा रहेको पार्किङ्ग तथा सो पार्किङ्गमा झरेको पहिरो सफा सम्बन्धमा।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजना सम्बन्धमा ।

निर्णय नं १

- मिति २०७८/०९/०२ गते बसेको नगर कार्यापालिकाको ५५ औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं २

- राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौंबाट मिति २०७८/०८/२४ मा स्थानीय तहमा आ.व २०७८/०७९ का लागि संघीय समपूरक अनुदान तथा आ.व २०७८/०७९ का लागि संघीय अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बैठकमा पेस भई छलफल भयो । उक्त सूचनाबाट माग भएको समपूरक अनुदान तर्फ आर्थिक क्षेत्र १ (क), र ५ को सुशासन तथा अन्य क्षेत्र (क) बमोजिमका आयोजना/कार्यक्रममा ५० प्रतिशत लागत रकम व्यहोर्ने गरी समपूरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम माग गर्ने र विशेष अनुदान तर्फ २ (स्वास्थ्य क्षेत्र), ७ (फोहोर मैला क्षेत्र) र (विपद व्यवस्थापन क्षेत्र ) तपसिल बमोजिमका योजना सञ्चालन गर्ने गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने।

तपसिल

- वडा नं ३,४,९ र ११ आ.व २०७८/०७९ मा सम्पन्न हुने वडा कार्यालय भवन क्रमागत (सुशासन तथा अन्य क्षेत्र)
- वडा नं क्रमशः५,७,८,६ र १२ नयाँ निर्माण हुने वडा कार्यालय भवन निर्माण (सुशासन तथा अन्य क्षेत्र)



Scanned with CamScanner

- सबै वडा कार्यालयसम्म मुख्य सडक देखि पुग्ने पहुँच मार्ग निर्माण सम्बन्धी योजना (सुशासन तथा अन्य क्षेत्र)
- खाँचीकोट दरबार पूर्ननिर्माण तथा संरक्षण (पर्यटन क्षेत्र)
- फुद्रबाङ्ग -डिही खाँची मैदान -खाँचीखोला -देउराली मोटरबाटो सन्धिखर्क -७ पर्यटन (पर्यटन क्षेत्र)

विशेष अनुदान तर्फ

- प्रत्येक वडाको लागि खोप केन्द्र भवन निर्माण (स्वास्थ्य क्षेत्र )
- वडा नं ६ र ७ मा डम्पिङ्ग साईड निर्माण (फोहोरमैला व्यवस्थापन क्षेत्र)
- आपत कालिन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन (विपद् व्यवस्थापन तथा अन्य क्षेत्र)सेफ हाउस भवन निर्माण (विपद् व्यवस्थापन तथा अन्य क्षेत्र)
- वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन (खाद्य सुरक्षा तथा पोषण)

निर्णय नं ३

- लंका यातयात प्रा.लि कन्द्रिय कार्यालय सन्धिखर्क अर्घाखाँचीको च.नं १७ प.सं २०७८/०७९ को पत्रबाट लु १ ह ३८१३ नम्बरको अटो गाडिलाई छेडा कुर सन्धिखर्क सम्मको रूट इजाजतपत्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु भनी लेखी आएको पत्र बैठकमा पेस भई उक्त निवेदन उपर छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ट को उपदफा (२) र दफा ६४ को (१) मा भएको अधिकार प्रयोग गरी सन्धिखर्क बजार-कुर- हुँदै छेडा सम्म लु.१ ह ३८१३ चालक सहितको सिट क्षमता ४ (चार) भएको टेम्पो लाई सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ५ को अनुसूची ४ मा भएको व्यवस्था बमोजिम रू ५००(पाँचसय) कर लिई लंका यातयात प्रा.ली सन्धिखर्क १ ले नै तोकिएको समय भित्र यातयात व्यवस्था कार्यालयबाट ब्लुबूक नविकरण तथा जाँचपास गर्नेगरी छेडा-कुर-सन्धिखर्क का लागि लु १. ह. ३८१३ नम्बरको अटो गाडिलाई रूट इजाजत उपलब्ध गराउने र यस पूर्व गरिएको निर्णयको बमोजिम कार्यापालिकाको कार्यालयबाट २०७९ असार मसान्त सम्मको लागि गरिएको रूटइजाजत नविकरण लाई समर्थन गर्ने ।

निर्णय नं ४

- सन्धिखर्क नगरपालिका भित्रबाट अवैध रूपमा हुने चोरी निकासी नियन्त्रका लागि नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएका बाहेकमा शिर्षकमा बाहेक नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २३ मा कर छुट सम्बन्धी व्यवस्था रहेको उक्त दफाको उपदफा (२) मा विभिन्न अनुसूचीमा उल्लेखित कर, दस्तुर सेवा शुल्क बा दण्ड जरिबाना आदीमा कुनै शीर्षक छुटेको पाइएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर सेवा शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ। भन्ने व्यवस्था रहेको विषयमा छलफल हुँदा उक्त ऐनको दफा २३ को उपदफा (२) मा भएको व्यवस्था मध्ये आकास्मिक रूपमा गर्नुपर्ने दण्ड जरिबाना अवैध कार्यको गम्भिर्यतालाई हेरी आर्थिक ऐनमा नभएको विषयमा मात्र दण्ड जरिबाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृलाई प्रत्योजन गर्ने र मिति २०७८/८/२९ गतेका दिन प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएको निर्णयलाई समर्थन गर्ने।

निर्णय नं ५



Scanned with CamScanner

- सन्धिखर्क नगरपालिका समेतलाई विपक्षी बनाई सन्धिखर्क नगरपालिका वडा नं ७ निवासी वर्ष ३० को विष्णु बहादुर थापाले श्री सर्वोच्च अदालतमा पेस गरेको रिट निवेदन २०७८-Wo-०४३८ बैठकमा पेस भई सो रिटका सम्बन्धमा छलफल भयो । उक्त रिटका सम्बन्धमा सन्धिखर्क नगरपालिकाको तर्फबाट लिखित जवाफ पेस गर्न सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नारायण अर्याललाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं ६.

- सन्धिखर्क नगरपालिकाको मिति २०७८/६/२० गतेका दिन नदी जन्य पदार्थ सम्बन्धी जिल्ला अनुगमन समितिबाट पेस भएको अनुगमन प्रतिवेदन र सन्धिखर्क नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७८/८/१ र २ गतेका दिन गरिएको बजार अनुगमन गरी व्यवसाय दर्ता /नविकरणका सन्दर्भमा देखिएको अवस्था समेत उल्लेख गरी पेस भएको प्रतिवेदन र उक्त प्रतिवेदन बमोजिम आवश्यक कार्यान्वयनका लागि वडा नं १ मा पठाइएको विषय र सो सन्दर्भमा वडा कार्यालयबाट भएको प्रगति समेतको विषय आजको बैठकमा पेस भई आगामी दिनमा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने ।

निर्णय नं ७.

- मिति २०७८/६/२२ गतेको कार्यपालिका बैठकबाट सार्वजनिक सेबा प्रबाह सुदृढीकरण सम्बन्धमा सन्धिखर्क नगरपालिकाबाट भएका निर्णयका सन्दर्भमा आजको बैठकमा छलफल हुँदा नगर कार्यपालिका बैठकबाट भएका निर्णय बमोजिम सार्वजनिक सेबा प्रवाहमा सुदृढीकरण भएको र यस कार्यलाई थप प्रभावकारी बनाउदै जाने।

निर्णय नं.८

- गत आ.व. २०७७/०७८ मा सूचना प्रकाशित भई कोभिड-१९को कारण कार्यसम्पन्न हुन नसकेको योजनाहरु नगर कार्यपालिकाको निर्णयबाट म्याद थप भएका, सडकवोर्ड नेपाल तर्फका योजनाहरुको लागि सडक वोर्ड नेपालको परिपत्र अनुसार २०७८ साल कार्तिकसम्म म्याद भएका र प्रदेश समपुरक अनुदान तर्फका बहुवर्षे योजनामा स्वीकृत वार्षिक बजेट खर्च नभई संचित कोषमा रहेको रकमबाट तत् योजनाहरुमा खर्च हुने गरी तपसिल अनुसार रकम विनियोजन गर्ने।

| सि.नं | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | अर्घा भगवती मन्दिर तथा मूर्ति निर्माण | ५०००० | |
| २ | सिद्धेश्वर टोलका भित्रीबाटा र शान्तिनगर टोल सुधारका भित्रीबाटाहरु ढोरपाटनसँग जोडिएका सडक स्तरोन्नती | १६१४००० | |
| ३ | घोचेखोला पकले मोटरबाटो स्तरोन्नती | १७६०००० | |
| ४ | बिहार–कविरा धारा लहरेबाद भैसिथला जोगिमारे मोटरबाटो स्तरोन्नती | १०८२००० | |
| ५ | ठूलटारी–रिडदी–मथुरा लब्दीहु·दै भुडभुङ्गे कृषि सडक स्तरोन्नती | २१३०००० | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ६ | मिलमिले-सल्लीकोट- झेडी -खदाम मो.बा. स्तरोन्नती | ८७३००० | |
| ७ | डम्पिङ साइट पूर्वाधार स्स्तरउन्नती | ८५६००० | |
| ८ | गंगासरोश्वर पूर्वाधार निर्माण | १४१५००० | |
| ९ | सडक बोर्ड म्याचिङ्ग | २७३०००० | |
| १० | चुत्रावेशी-कुरा-नेटा-पल्लावारी-सडक स्तरोन्नती कार्य | ३४६१००० | |
| ११ | चुत्रावेसी-अर्घा -सडक स्तरोन्नती | ८२८१००० | |
| १२ | औद्योगिक-ग्राम-निर्माणकार्य सन्धिखर्क | ६५२५००० | |
| १३ | अर्घा गर्लाम खानेपानी आयोजना | ११५३००० | |
| १४ | वडा कार्यालय भवन निर्माण वडा नं ३, ४, ९ र ११ म्याचिङ्ग | २३७०००० | |
| | कुल जम्मा | ३,४३,००,०००.०० | |

निर्णय नं ९

- सन्धिखर्क नगरपालिकाको नगरसभाबाट नगरपालिकाको लागि आवश्यक विभिन्न ऐन नियम कार्यविधि निर्देशिका समेतका कानुनहरू निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिले विधायन समितिमा पेस गरेका र विधायन समितिबाट छलफल भई स्वीकृतिका लागि सिफारिस भएका देहायका कार्यविधि उपर दफावार छलफल गरी उल्लिखित कार्यविधिहरू पेस भए बमोजिम स्वीकृत गर्ने ।

तपसिल

- सन्धिखर्क नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि २०७८
- सन्धिखर्क नगरपलिकाको औद्यौगिक ग्राम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

निर्णय नं १०

- सन्धिखर्क नगरपालिकाको दशौं नगर सभा बैठक २०७८/०९/२६ गतेका दिन आह्वान गर्ने ।

निर्णय नं ११

- सन्धिखर्क नगरपालिकाको वडा नं ८ स्थित श्री जनता कृष्ण माध्यमिक विद्यालयको लागि शिक्षा तर्फ संघीय सशर्त अनुदान बापत प्राप्त नमुना विद्यालय विकास कार्यक्रम भौतिक पूर्वाधार निर्माण तर्फ प्राप्त रू ७० लाख प्राप्त भएको मा उक्त रकम बाट विद्यालय व्यवस्थापन समितिको निर्णयबाट ६ कोठे भवन निर्माणको लागि माग भई आएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा नं ८ को कार्यालयको सिफारिस बमोजिम ६ कोठे भवन निर्माण गर्ने।
- सन्धिखर्क नगरपालिकाको वडा नं ९ स्थित श्री जनता कृष्ण माध्यमिक विद्यालयको लागि शिक्षा तर्फ संघीय सशर्त अनुदान बापत प्राप्त नमुना विद्यालय विकास कार्यक्रम शैक्षिक तथा व्यवस्थापकीय शिर्षक तर्फ प्राप्त रू ३० (तिस) लाखबाट विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा नं ८ को वडा कार्यालयको सिफारिस बमोजिम पेस भएको प्रस्तावना स्वीकृत गरी सोही बमोजिम कार्य गर्ने।



Scanned with CamScanner

- सन्धिखर्क नगरपालिकाको निर्शत अनुदान शिक्षा तर्फ आधारभुत तहमा वडा नमुना विद्यालय विकास कार्यक्रम प्रति विद्यालय रू ३० (हजार) रहेकोमा प्रत्येक वडा समितिबाट वडाभित्र रहेका आधारभुत विद्यालयहरू मध्येबाट १ वटा उत्कृट विद्यालय छनौट गरी अनुदान रकम उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने ।

निर्णय नं १२.

- सन्धिखर्क नगरपालिकाको वडा नं ७ को च.नं १३१७ मिति २०७८/३/१७ गतेको पत्र बाट सन्धिखर्क ७ को खाँचीखोला नजिकै खसेको पहिरोको कारण सुपादेउरालीमा आउने सवारीका साधन पार्किङ्ग मा असहजता भएकोले उक्त पहिरो सफा गर्ने विषयमा गत आ.व मा समेत गरिएको कार्य र सो सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र र कार्यालयबाट लेखिएको लिखित जवाफ समेतमा छलफल भई कार्यालयबाट लेखिएको जवाफ अनुमोदन गर्ने र सो सन्दर्भमा हाल सुपादेउराली मन्दिरमा आउने तिर्थालु भक्तजन र पर्यटकहरूका सवारी साधन पार्किङ्गमा ठुलो समस्या उत्पन्न भएको उक्त एरियामा खालि जग्गा समेत नरहेको सन्धिखर्क गोरुसिङ्गे सडक मा सवारी का साधन राख्दा ट्राफिक व्यवस्थापनमा असहजता भएको विषय समेतमा छलफल गरी सो सन्दर्भमा जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला अनुगमन समितिका पदाधिकारी सहितको टोलीबाट स्थलगत रूपमा निरीक्षणका लागि सन्धिखर्क नगरपालिकाको समन्वयमा कार्य अगाडि बढाई उक्त समितिको सिफारिस बमोजिम पहिरो सफा गरी पार्किङ्ग व्यवस्थापन गर्ने कार्य अगाडि बढाउने ।

निर्णय नं १३.

- सन्धिखर्क नगरपालिका वडा नं १२ का वडा सचिव श्री अनन्तमणि पोखेलको छोरा सागर पोखेलले स्वयम सन्धिखर्क नगरपालिकाको टुँडिखेल मैदानमा विद्युतीय मोटर साईकल निर्माण गरी प्रदर्शनी समेत गरेकाले निज सागर पोखेललाई प्रोत्साहन स्वरूप रू २५०००। (पच्चिस हजार )नगरपालिकाको संञ्चितकोषबाट उपलब्ध गराउने ।

निर्णय नं १४.

- सन्धिखर्क नगरपालिको आन्तरिक आय व्यवस्थापन गर्ने कार्यका लागि देहाय बमोजिमका ठेक्का व्यवस्थापन गर्ने ।
- नगर कार्यपालिकाको कार्यालयबाट सन्धिखर्क १ र २ मा रहेको पार्किङ्ग/ हाट बजार व्यवस्थापनको लागि रू २ लाख ३१ हजार न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापन गर्ने भनी निर्णय भएको र कार्यालयबाट सोही बमोजिम गर्ने कार्यका लागि ठेक्का व्यवस्थापन भएकोमा उक्त रकममा कुनै पनि दरभाउपत्र पेस हुन नआएको हुँदा आ.व २०७८/०७९ को लागि रू १ लाख ७५ हजार न्यूनतम अंक कायम गरी पून ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन गर्ने ।
- हाट बजारको सञ्चालनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।
- विज्ञापन कर संकलनका लागि २लाख ५० हजार बार्षिक न्यूनतम अंक कायम गरी पटपटक सूचना प्रकाशन गर्न समेत कुनै पनी दरभाउत्र पेस हुन नआएको र उक्त निर्णय कायम राख्दै पुन २लाख ५० मा वार्षिक न्यूनतम अंक कायम गरी २ वर्ष समेतका लागि सूचना प्रकाशसन गर्दा समेत कुनै दरभाउपत्र पेस



Scanned with CamScanner

हुन नआएकोले उक्त निर्णय समेतलाई संशोधन गरी पहिलो वर्ष २०७८/०७९ को लागि बार्षिक रू २ लाख न्यूनतम अंक कायम र सो रकममा प्रत्येक २ वर्ष १० प्रतिशतका दरले हुने गरी ३ बर्षका लागि दरभाउपत्र माग गर्ने ।

निर्णय नं १५

- सूचना तथा सञ्चार मन्त्रालयको च.नं ७४ मिति २०७८/७/११ को पत्र प्राप्त भई उक्त पत्र माथि छलफल हुँदा सन्धिखर्क नगरपालिका भित्र रेडियो अभ्यास दर्ताका लागि लेखि आएको विषयमा सोही पत्रमा उल्लेख भएको सर्त बमोजिम सन्धिखर्क नगरपालिकाको एफ.एम रेडियो सञ्चालन कार्यविधि, २०७४ ले दिएको अधिकारको अधिनमा रहि प्रसारण इजाजतपत्र उपलब्ध गराउने ।

निर्णय नं १६.

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिकाका सम्पूर्ण वडा समितिबाट आर्थिक बर्ष २०७८/०७९ लागि वडागत योजनाहरु छनोट गरी सोही वडा समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरू स्वीकृत गरी कार्यान्वियन गर्ने ।

- वडा न. १

१. बसपार्क देखि रतहले लदाम रनुबा ओखे तुम्कोट सम्म बाटो स्तरउन्नती तथा कच्ची नाली निर्माण ।

२. सन्धिखर्क बजार क्षेत्रका पक्की बल्क नालीहरु र बाटाहरु निर्माण मर्मत सम्भार ।

३. स.न.पा. १ का सम्पूर्ण ८ वटा विघालयहरु तथा क्याम्पस लदाम बगैचा र शान्ति बगैचामा फुल क्यारी हरु निर्माण ।

४. ईशाराटोल देखि म्यालपोखरी पटुबाथुम हुँदै भलाचौर सम्म बाटो तथा नाली स्तरउन्नती ।

५. डाँडागाउँटोल देखि श्रीनगरटोल हटारी झिल्केडाँडा स्यालेबजार पशु अस्पताल हुँदै गच्छे पुल सम्म बाटो स्तरउन्नती ।

६. मन्जिता फर्निचर देखि बाँगीखोला सम्म नाली निर्माण तथा बाटो स्तरउन्नती ।

७. मदरल्याण्डटोलमा कच्ची नाली निर्माण बाटो स्तरउन्नती चिफ्ले बाँगीखोला सम्म ।

८. लदाम झेडीखोला कुलो निर्माण ।

९. टुडिखेल मर्मत सम्भार तथा स्तरउन्नती ।

- वडा न. २

१.स.न.पा २बजार क्षेत्रमा नाली नभएका बजार क्षेत्रका बाटाहरुमा कच्ची नाली निर्माण तथा नाली सरसफाई ।

२. सिटी टावर वरीपरी कच्ची नाली निर्माण।

३. स.न.पा २ कुरमा नाली सरसफाई तथा कच्ची नाली निर्माण ।

४. भलायडाँडा टोल क्षेत्रका बाटाहरुमा नाली नभएका स्थानमा नाली निर्माण तथा सफाई

५. घोंचेखोला क्षेत्रमा नाली नभएका बाटामा कच्चि नाली निर्माण तथा सरसफाई



Scanned with CamScanner

६. पुष्पा भाट र तिलक मिश्रको घर देखि राजेन्द्र कुँवरको घर सम्म नालीको ढकनी निर्माण ।

- वडा न. ३

१. कमला गिरिको अधुरो पर्खाल निर्माण
२. कृष्ण श्रेष्ठको घरमुनिको पर्खाल निर्माण
३. गफार मियाको घरमुनि पहिरो नियन्त्रण
४. चुदाँलीखर्क देखि भालुखोला सिँढी निर्माण
५. वेलचौर पहिरो नियन्त्रण
६. खड्कानेटा पहिरो नियन्त्रण तथा खड्का टोल सिढी निर्माण
७. ठकुरीटोला जाली तथा सिढी निर्माण
८. श्रीजना वि.क.को घरमुनि अधुरो पर्खाल निर्माण
९. सालघारी अधुरो सत्ताल तथा सिढी निर्माण

- वडा न. ४

रकम विनियोजन भएका योजनाहरु

| | |
|---|---|
| १. देउरालीडाडा मालिका मन्दिर प्रतिक्षालय पोखरी निर्माण | १,५०,००० |
| २. बुद्धिराम अधिकारीको घरमुनि बाल निर्माण | १,५०,००० |
| ३. किरेआप खानेपानी लगायत भुमिकस्थान पोखरी मर्मत | २,८०,००० |
| ४. आमडाडा देवी मन्दिर निर्माण | २,००,००० |
| ५. बाङ्ला डिभर्ना खानेपानी तथा नेत्रका पोखरी व्यवस्थापन | ६०,००० |
| ६. माझहटिया राधाकृष्ण मन्दिर निर्माण | २,००,००० |
| ७. दिप ज्योति महिला भवन मर्मत | ५०,००० |
| ८. कोट भगवती मन्दिर मर्मत | १,००,००० |

रकम विनियोजन नभएका योजनाहरु

१. स.न.पा. ४ का मोटरबाटोहरुमा नाली निर्माण
२. देउरालीडाडा पोखरानेटा मन्दिर पर्खाल निर्माण
३. टुनीपोखरा छाप मोटरबाटो पर्खाल निर्माण
४. मनेटा पधेरा जाने बाटो र पधेरो सरसफाई
५. स.न.पा.४ का गोरेटो बाटोहरु

- वडा न. ५

१. स.न.पा ५ का मुख्य बाटोहरुका कच्ची नाली निर्माण
२. स.न.पा ५ का मुख्य गोरेटो बाटोहरु मर्मत
३. मथुरा बगैचा खोल्सा तथा रिग्दी खोल्सामा तटबन्ध गर्ने
४. साबिक ८ आरन गोरेटो बाटोको पहिरो फाल्ने

- वडा न. ६

१. खड्का टोला पधेरो मर्मत



Scanned with CamScanner

२. जोगीकुटी पधेरा पारी गोरेटो बाटो
३. बरलाय देखि हलगोड़ा गोरेटो बाटो
४. जोगीकुटी देखि फलेपाटा रिब्दी गोरेटो बाटो
५. पल्लायर धारापानी गोरेटो बाटो
६. मईकाथाना नेटा पोखरी रिठेखोला गोरेटो बाठो
७. लामडाडी पदेरी देखि रिठेखोला गोरेटो बाटो
८. लामीडाडी देखि पौदीखोला गोरेटो बाटो
९. मारुन टोल देखि टाकुरा गोरेटो बाटो
१०. खड्का टोल देखि पौदी खोला गोरेटो बाटो
११. बोखर बाट सालकारुख गोरेटो बाटो
१२. नुन थला गोरेटो बाटो
१३. थाप्ला देखि जुके खोला गोरेटो बाटो
१४. होरन डाडा गोरेटो बाटो

- वडा न. ७

१. फुतबाङ्ग डिही किटेनी खाँचिखोला मोटरबाटो कच्ची नाली निर्माण तथा पहिरो सरसफाई
२. वगैचा खानिगाँउ डिहीडाँडा भुजुङ्गे फुतबाङ्ग गच्छे कच्ची नाली निर्माण
३. ठुलापाटा उपल्ला जलुके मोटरबाटो पहिरो सरसफाई
४. भालफाडे गोरेटोबाटो, भालुखोला पल्लाबारी, जडिखोला रिठेखोला नाली सरसफाई
५. पाखापानी भैसेमेला शान्तिनेटा लामँडाडा गोरेटो बाटो मर्मत
६. पिपलनेटा जलुके फर्ज्याङ्ग दर्शौं घर गोरेटो बाटो मर्मत
७. बार्ड न.७ का केहि सिचाई कुलो बाध मर्मत

- वडा न. ८

१. नेपाली चौर देखि बगैचा कच्ची नाली निर्माण
२. सापकोटा शिवनेटा कच्ची नाली निर्माण
३. पकले गोलखाडा कच्ची नाली निर्माण
४. आपका रुख ओल्लो खल कच्ची नाली निर्माण
५. पकले खापडाड़ा शिबनेटा कच्ची नाली निर्माण
६. हमालडाडा बझाखर्क पलासपाटा बेल्टारी कच्ची नाली निर्माण
७. जिम्मालका घर डोडखोला कोकलसारे बेल्टारी कच्ची नाली निर्माण
८. जोसिका मोड पाण्डेटोला कच्ची नाली निर्माण
९. सिनाकाचौर आपखोला हमालका बारी कच्ची नाली निर्माण

- वडा न. ९

१. साबिक १ न. वडाका मोटरबाटोको नाली सफा गर्ने
२. धोबी गौडा देखि राजुपानी सम्मको मोटरबाटो स्तरउन्नती



Scanned with CamScanner

३. पाठशालाबाट गणेशथाना जाने गोरेटोबाटो र काफलपानी पिकनिक स्पटबाट नेटापोखरा सम्मको गोरेटो बाटो मर्मत
४. साविक अर्घा ०३ न. वडाका गोरेटोबाटो मर्मत,सिढी र सोलिंग निर्माण
५. बन्दरुकट्टा खेलमैदान स्तरउन्नती तथा बाल निर्माण
६. साबिक अर्घा ०४ न. वडाका मोटरबाटोको स्तरउन्नती नाली सफा गर्ने र गोरेटो बाटो मर्मत
७. खामदुला देखि तुसारेपनि सम्म सडक स्तरउन्नती
८. घोप्टे देखि उपल्लो हिले सम्म गोरेटो बाटो मर्मत

- वडा न. १०

१. भर्लारुखको मो.बाटो ग्याविन तथा होम पाइपको काम
२. स.न.पा. १० का मोटरबाटोहरुमा नाली निर्माण तथा गोरेटो बाटाहरू मर्मत सम्भार ।
३. स.न.पा १० भित्रका विभिन्न स्थानमा नयाँ गोरेटो बाटो निर्माण ।
४.

- वडा न. ११

१. सिमलथुम देखि शेराका बाध जाने गोरेटो बाटो निर्माण
२. कुडहर देखि कामि पोल्ने खोला सम्म जाने बाटो निर्माण
३. हाडफोर्ने देखि तल्ला खर्क बिरौटा जाने गोरेटो बाटो निर्माण
४. अगार देखि सम्म जाने गोरेटो बाटो निर्माण
५. छेडी भिरमुनी जोगिमारे आ.बि. देखि ढाड काक्रे सम्मको गोरेटो बाटो निर्माण
६. भैसीथला गोठकटेरी चौतारा गोरेटो बाटो निर्माण

- वडा न. १२

१. स.न.पा १२ क सम्पूर्ण कच्ची बाटो हरुको स्तरोन्नती तथा नाली निर्माण
२. जिमुरथुम-गायत्रीटोला
३. कुन्जरे -गायत्रीटोला
४. कुतेपानी -बाटार
५. सल्लिकोट- बस्यालटोल- बरांदी टाकुरा
६. सेउली घुम्ती- बस्यालटोल
७. कुसुन्डे-राताडाडा
८. रानीपोखरी-बानापोखरी
९. सल्लिकोट-परालिखर्क-मनोरपानि-गैराखर्क सल्लिकोट-बान्द्रे
१०. ठुटिपिपल छाप गोरेटो बाटो
११. जिमुरथुम देखि मझाघर गोरेटोबाटो
१२. मिलमिले मझाघर लिफ्ट खा.पामा पाइप लाइन खन्ने काम